## लुम्बिनी प्रदेश सरकार

## मिति २०८२/०५/२९ गतेको सचिव बैठकका निर्णयहरुः

| क्र.सं. | विवरण | जिम्मेवार निकाय | समन्वय तथा सहजीकरण गर्ने निकाय |
|---|---|---|---|
| १ | लुम्बिनी प्रदेश सरकार अन्तर्गतका निकायमा कार्यरत कर्मचारीहरूलाई नियमित कामकाजमा फर्की सेवा प्रवाहलाई पूर्ववत रुपमा सूचारू गर्न आवश्यक व्यवस्था मिलाउने। | सम्बन्धित मन्त्रालय/निकाय/ कार्यालय | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २ | हालै भएको Gen-Z आन्दोलनको क्रममा लुम्बिनी प्रदेश सरकार अन्तर्गतका मन्त्रालय र मातहतका निकायका भौतिक संरचना, सवारी साधन, फर्निचर, कागजात, ईलेक्ट्रोनिक्स (कम्प्युटर, ल्यापटप र प्रिन्टर आदि) डिभाईस लगायतमा भएको भौतिक तथा आर्थिक क्षतिको विवरण नजिकको प्रहरी कार्यालयबाट मुचुल्का गराई सोको एक प्रति सम्बन्धित कार्यालयले संकलन गरी राख्ने र संकलित विवरण मिति २०८२।०६।०२ गते सम्म मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने। क्षतिको विवरण संकलन गर्दा फोटो तथा भिडियो समेत खिच्ने। | सम्बन्धित मन्त्रालय/ आयोग/ सचिवालय/ निर्देशानालय/ प्रतिष्ठान/कार्यालय | • सहरी विकास तथा खानेपानी मन्त्रालय वा मातहतको कार्यालय<br>• लुम्बिनी प्रदेश सूचना तथा संचार प्रविधि प्रतिष्ठान |
| ३ | यस क्रममा क्षति भएका सवारी साधन मध्ये विमा गरिएका सवारी साधनको विमा भुक्तानीका लागि तत्काल पहल गर्ने। मन्त्रालय र मातहतका निकायमा हाल सञ्चालनमा रहेका सवारी साधनको विवरण तयार गरी मन्त्रालय मातहतका कार्यालयमा समेत उपलब्ध गराउने। साथै अन्य निकायमा उपलब्ध गराउन सकिने सम्भावना समेत एकीन गर्ने। | सम्बन्धित निकाय | • उद्योग पर्यटन तथा यातायात मन्त्रालय<br>• विमा कम्पनी<br>• सम्बन्धित प्रहरी कार्यालय<br>• सम्बन्धित जिल्ला प्रशासन कार्यालय |
| ४ | आन्दोलनको क्रममा सरकारी निकायबाट चोरी भएका सामाग्रीहरू फिर्ता गर्नको लागि सम्बन्धित निकायले सूचना प्रकाशन गर्ने तथा सो सम्बन्धी प्रमाणहरू नजिकको प्रहरी कार्यालयमा समेत उपलब्ध गराउने। | सम्बन्धित मन्त्रालय/निकाय/कार्यालय | सम्बन्धित प्रहरी कार्यालय |
| ५ | हाल विभिन्न जिल्लामा चोरीका घटना भएको पाइएको हुँदा त्यस तर्फ सजग र सचेत रहने तथा कार्यालयको कामकाजलाई पालो पहरा मिलाई व्यवस्थित गर्ने। | सम्बन्धित निकाय | • सम्बन्धित सुरक्षा निकाय<br>• पालोपहरा बस्ने सुरक्षा गार्ड, सहयोगी कर्मचारी |

नि. प्रमुख सचिव